## ४.१ सामुदायिक तथा कबुलियती वन शाखा

- संरक्षणमुखी, उत्पादनमुखी एवं पर्यापर्यटन प्रवर्द्धनमुखी, समुदायमा आधारित वन व्यवस्थापन प्रणालीका वन व्यवस्थापन गर्न आवश्यक राष्ट्रिय नीति एवं मापदण्ड तयारी सम्बन्धी कार्यहरु गर्ने गराउने
- उत्पादनमूखी सामुदायिक वनहरुको दिगो/वैज्ञानिक व्यवस्थापनका राष्ट्रिय आधार र सूचकहरु निर्माणका लागि आवश्यक सहजीकरणका कार्यहरु गर्ने,
- सामुदायिक वनहरु भित्र वन्यजन्तुको संरक्षण, व्यवस्थापन तथा दिगो उपयोग लगायत पर्यापर्यटन सेवा प्रवद्र्धनका लागि आवश्यक राष्ट्रिय नीतिगत व्यवस्था गर्ने,
- सामुदायिक वन उपभोक्ता समूह लगायत यस्तै प्रकृतिका समुदायमा आधारित वन व्यवस्थापन प्रणालीहरुको कार्यान्वयनको लागि रहेका तथा रहने कोष परिचालन बारे राष्ट्रिय नीति एवं कानून निर्माण सम्वन्धी कार्यहरु गर्ने,
- सामुदायिक वन लगायत समुदायमा आधारित वन प्रणालीहरुको व्यवस्थापन, लाभको बाँडफाँड लगायतका समसामयिक सवालहरु सम्बोधन हुने गरी समसामयिक नीति तर्जुमामा आवश्यक सहजीकरण गर्ने,
- परम्परागत वन उपभोक्ता, हालका उपभोक्ता, टाढा र नजिकका उपभोक्ता र सम्बन्धित सामुदायिक वनको संरक्षण, सम्बद्र्धन, व्यवस्थापन र सदुपयोग सम्वन्धि आवश्यक राष्ट्रिय मापदण्ड निर्माण सम्वन्धी कार्यहरु गर्ने,
- सामुदायिक वन उपभोक्ता समूहहरुको संस्थागत दिगोपना, समावेशी प्रतिनिधित्व एवं निर्णय प्रक्रिया सम्वन्धी राष्ट्रिय नीतिगत व्यवस्थाका लागि आवश्यक कार्यहरु गर्ने,
- वन डढेलो नियन्त्रण एवं रोकथामका लागि अवलम्वन गरिने व्यबस्थापन लगायत राष्ट्रिय नीति तथा सूचना पद्धतिको निर्माण सम्वन्धी नीतिगत कार्यहरु गर्ने गराउने एवं अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग समन्वय गर्ने,
- वन श्रमिक, वन हेरालु, सामुदायिक वनहरुको संरक्षण, व्यवस्थापनमा आवश्यक दक्ष जनशक्तिको योग्यता तथा कार्यसूचिको मापदण्ड निर्माण सम्वन्धी कार्यहरु गर्ने गराउने,
- मध्यवर्ती सामुदायिक वनको संरक्षण र उपयोग सम्वन्धमा समिति, समूहको गठन र कार्य विवरण सम्वन्धि राष्ट्रिय मापदण्ड र नियमन सम्वन्धमा आवश्यक सहजीकरण गर्ने,

- कबुलियती वन एवं उपभोक्ता समूहहरुको आर्थिक उपार्जन तथा संस्थागत दिगोपना सम्वन्धी राष्ट्रिय मापदण्ड निर्माण गर्ने,

- नेपालको संविधान बमोजिम संघीयता कार्यान्वयनको सन्दर्भमा सहभागितामूलक वन व्यवस्थापन पद्धतिहरुको स्थानीय, प्रदेश एवं केन्द्रीय तहसंगको अन्तरसम्वन्ध एवं समन्वय सम्बन्धी आवश्यक नीतिगत तथा कार्यान्वयनमूखी अनुगमन प्रणाली एवं अन्तरसमन्वय प्रणालीको विकास गर्न सहजीकरण गर्ने,

- वनको अवस्थिति, उपभोक्ताहरुको बसोवासको भौगोलिक अवस्था, वनस्रोतको अवस्था एवं क्षेत्रफलका आधारमा सहभागितामूलक वन व्यवस्थापन पद्धतिको छनौट सम्बन्धी राष्ट्रिय नीति एवं मापदण्ड निर्माण गर्न समन्वय गर्ने,

- सहभागितामूलक वन व्यवस्थापन सम्बन्धी राष्ट्रिय/अन्तर्राष्ट्रिय गोष्ठीको आयोजना, समन्वय तथा सहभागिता सम्बन्धी कार्यहरु गर्ने,

- अन्तर्राष्ट्रिय प्रतिवद्धता बमोजिमका राष्ट्रिय प्रतिवेदन निर्माण गरी पेश गर्ने,

- सामुदायिक वन, कवुलियती वन, संरक्षित वन, कृषि वन र शहरी वन पद्धतिहरुको अभिलेख राख्ने र अध्ययन अनुसन्धान गर्ने गराउने एवं सरोकारवाला निकायहरुसँग समन्वय गर्ने

- पर्वतीय विकास सम्वन्धी कार्यक्रमहरुको पहिचान, अध्ययन तथा समन्वय गर्ने,

- पर्वतीय विकास सम्वन्धी कार्यक्रम, वैठक, गोष्ठी र सम्मेलनहरुको आयोजना गर्ने र मन्त्रालयले प्रतिनिधित्व गर्नु पर्ने भए सहभागी हुने,

- यस शाखालाई तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## ४.२ साझेदारी तथा चकला वन शाखा

- नेपालको वन व्यवस्थापन प्रणाली अनुरुपको वन व्यवस्थापनको लागि उपयुक्त हुने क्षेत्रहरुलाई साझेदारी वन तथा चकला वन क्षेत्रहरुमा रुपान्तरण गरी व्यवस्थापन गर्नको लागि आवश्यक मापदण्ड तथा दिग्दर्शनहरु तयार गर्न सहजिकरण गर्ने,

- साझेदारी तथा चकला वनहरुहरुको दिगो/वैज्ञानिक वन व्यवस्थापन तथा लाभको वितरण सम्बन्धमा राष्ट्रिय नीति, आधार र सूचकहरु निर्माणका लागि आवश्यक पहल गर्ने,

- साझेदारी तथा चकला वन उपभोक्ता समूहको कोष परिचालन सम्बन्धी खाका, निर्देशिका, नीति एवं कानून तयार गर्न सहजिकरण गर्ने,
- साझेदारी तथा चकला वन भित्रका वन्यजन्तुको संरक्षणका लागि आवश्यक राष्ट्रिय नीतिगत व्यवस्थाको लागि आवश्यक सहजीकरण गर्ने,
- साझेदारी तथा चकला वनको चुनौती र सवालहरु सम्बोधन हुने गरी समसामयिक नीति तर्जुमामा आवश्यक सहजिकरण गर्ने,
- केन्द्रिय सरकार, प्रदेश सरकार, स्थनिय सरकार लगायत अन्य सरेकारवालाहरुसग साझेदारी तथा चकला वन सम्वन्धित विषयमा आवश्यक समन्वय एवं सहकार्य गर्ने,
- साझेदारी तथा चकला वन व्यवस्थापनका कार्ययोजनाहरुको प्राविधिक परिक्षण एवं कार्ययोजनाको कार्यान्वियनको अनुगमन तथा प्रभाव अध्ययन अनुसन्धान गरी सो को नतिजा बमोजिम समायानुकुल नीतिगत सुधार गर्न पहल गर्ने,
- साझेदारी तथा चकला वन सम्बन्धि राष्ट्रिय तथ्यांक अधावधिक गर्ने गराउने,
- साझेदारी तथा चकला वन सम्वन्धि गोष्ठी, वैठक, छलफल, आदिमा मन्त्रालयको प्रतिनिधित्व गर्ने,
- साझेदारी तथा चकला वनको व्यवस्थापन प्रभावकारी बनाउन आवश्यक प्रविधि भित्र्याउन सहजिकरण गर्ने तथा आवश्यक स्रोत जुटाउन समन्वय गर्ने गराउने,
- असल सिकाईलाई प्रचार प्रसार गर्ने गराउने,
- राष्ट्रिय/अन्तर्राष्ट्रिय गोष्ठीको आयोजना, समन्वय, सहभागिता सम्बन्धी कार्यहरु गर्ने,
- साझेदारी वन र चकला वन पद्धतिहरुको अभिलेख राख्ने र अध्ययन अनुसन्धान गर्ने गराउने,
- तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

### ४.३ वन उद्यम प्रवर्द्धन शाखा

- वन पैदावारमा आधारित उद्योगका लागि आवस्यक कच्चा पदार्थको प्रवन्ध सम्बन्धी नीतिगत विषयमा समन्वयका साथै वन उद्यम स्थापना सम्वन्धी राष्ट्रिय मार्गदर्शन निर्माण लगायत राजश्व, शुल्क, महशुल आदिको वारेमा राय प्रतिक्रिया उपलब्ध गराउने,

- वन पैदावार र वन पैदावारजन्य उत्पादनको  निकासी तथा पैठारी सरलिकरणका लागि आवस्यक समन्वय र सहजिकरण गर्ने,
- वन उद्यम स्थापना र संचालनलाई आवश्यक पर्ने उच्च मूल्यका वन पैदावारको उत्पादन, प्रवर्द्धन र बजारीकरण प्रवर्धन सम्वन्धी प्रस्ताब पेश गर्ने लयायत अन्य आवस्यक कार्य गर्ने ,
- नेपालमा वनमा आधारित हरित उद्यम विकास तथा विस्तारका लागि सरकारी निकाय, सरोकारवाला निजी क्षेत्र तथा संगठित संघ संस्थाहरुसंग समन्वय गर्ने ।
- स्थानीय तह, प्रदेश र संघीय स्तरमा स्थापना गर्न सकिने संभाव्य वन उद्यम तथा वनमा आधारित पर्यापर्यटन कार्यक्रमहरुको प्राथमिकिकरण गरि सूची तयार गर्ने कार्यमा सहजीकरण गर्ने तथा वन उद्यम विकासका लागि उल्लेखित तिनै तहमा समन्वय गर्ने,
- समुदायमा आधारित वन उद्यम स्थापनाका लागि पूँजी, प्रविधि तथा वजारीकरण सम्बन्धी आवश्यक नीतिगत सहजीकरण गर्ने,
- वन उद्यम स्थापनाको सिलसिलामा आवश्यक पर्ने लगानी तथा प्रतिफलका विषयमा निजी, सामुदायिक, तथा सार्वजनिक साझेदारी प्रवद्र्धन गर्न राष्ट्रिय नीति तयार गर्न समन्वय गर्ने,
- वन उद्यम संग सम्बन्धित समुदायमा आधारित वन उपभोक्ता समूहहरु, निजी क्षेत्र, संगठित संघ संस्था तथा सरकारी निकायहरुको क्षमता अभिबृद्धिका कार्यक्रमहरुको योजना तर्जूमा एवं कार्यान्वयन गर्ने गराउने,
- नेपालको वन पैदावर र तिनको उत्पादनहरुको राष्ट्रिय तथा अन्तराष्ट्रिय बजार प्रबद्र्धनका लागि अध्ययन अनुसन्धान गर्ने गराउने लगायत अन्य आवश्यक कार्यहरु गर्ने,
- वन उद्यम प्रबद्र्धन सम्बन्धि राष्ट्रियस्तरका गोष्ठि, अन्तरक्रिया लगायतका कार्यहरु संचालन गर्ने तथा वन उद्यम सम्बन्धि प्रतिवेदनहरु प्रकाशन गर्ने,
- नीजि वन तथा पारिवारिक नीजि वन पद्धतिहरुको अभिलेख राख्ने र अध्ययन अनुसन्धान गर्ने गराउने,
- वन प्रमाणीकरण सम्वन्धी आवश्यक कार्यका लागि आवश्यक समन्वय गर्ने,
- यस शाखासंग सम्बन्धित तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।